# संघीय आकस्मिक कोष ऐन, २०७४

*(मिति २०७४ साल पौष मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# संघीय आकस्मिक कोष ऐन, २०७४

प्रमाणीकरण मिति
२०७४।०४।२९

संवत् २०७४ सालको ऐन नं. ९

**प्रस्तावना** : आकस्मिक कोषको स्थापना र सञ्चालन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "संघीय आकस्मिक कोष ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ ।

(ख) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **संघीय आकस्मिक कोषको स्थापना** : संघीय आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिएको छ ।

४. **संघीय आकस्मिक कोषमा जम्मा गरिएको रकम** : संघीय सञ्चित कोषबाट एक करोड रुपैयाँ झिकी त्यस्तो रकम संघीय आकस्मिक कोषमा जम्मा गरिएको छ ।

५. **संघीय आकस्मिक कोषको रकम वृद्धि गर्न सक्ने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संघीय आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

६. **संघीय आकस्मिक कोषको सञ्चालन** : संघीय आकस्मिक कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

७. **संघीय आकस्मिक कोषको रकम खर्च गर्न सक्ने** : नेपाल सरकारले संघीय आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ ।

८. **खर्चको रकम सोधभर्ना गर्नु पर्ने :** नेपाल सरकारले दफा ७ बमोजिम संघीय आकस्मिक कोषबाट खर्च गरेको रकम विनियोजन ऐन बमोजिम प्रत्येक आर्थिक वर्षको लागि विनियोजित रकमबाट सोधभर्ना गर्नु पर्नेछ ।

९. **नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

१०. **खारेजी र बचाउ** : (१) आकस्मिक कोष ऐन, २०१६ खारेज गरिएको छ ।

(२) आकस्मिक कोष ऐन, २०१६ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) आकस्मिक कोष ऐन, २०१६ बमोजिम स्थापना भएको आकस्मिक कोषमा रहेको रकम यो ऐन प्रारम्भ भए पछि स्वतः संघीय आकस्मिक कोषमा सर्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय